तिहारको हार्दिक मंगलमय शुभकामना

# अर्थ सवाल

Artha Sawal Weekly

साप्ताहिक

वर्ष ८, अंक १६, २०८० कात्तिक २३ गते बिहीबार (9 November 2023 Thursday) मूल्य रू. १०/-


## भाइटीकाको उत्तम साइत सार्वजनिक



काठमाडौं । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको उत्तम साइत सार्वजनिक गरेको छ । समितिका अनुसार कात्तिकको २९ गते बुधवार बिहान १० बजेर ५१ मिनेटमा भाइटीकाको उत्तम साइत रहेको जनाएको हो ।

यस वर्षको तिहार कात्तिक २५ गतेदेखि शुरु हुँदैछ । २५ गते काग तिहार, २६ गते कुकुर तिहार र लक्ष्मी पूजा, २७ गते गाई तिहार, २८ गते गोवर्द्धन पूजा र म्हः पूजा, २९ गते भाइटीका परेको छ ।

### व्यापारघाटा उच्च, निर्यात घट्दो, ऋण तिर्न ऋण

# कसरी छ अर्थतन्त्र सकारात्मक ?




यादव देवकोटा/अर्थ सवाल साप्ताहिक

सरकारले अर्थतन्त्र सकारात्मक छ भन्न छाडेको छैन । व्यापारघाटा, बजेट घाटा, बढ्दो ऋण, पूँजीगत खर्चको न्यूनता, ऋण तिर्न ऋण उठाउनुपर्ने बाध्यता, प्रशासन चलाउन पुग्ने गरी उठ्न नसकेको राजश्वलगायतका सूचकहरुले अर्थतन्त्रलाई सकारात्मक मान्दैन तर, सरकार भन्दैछ अर्थतन्त्र नकारात्मक नै छ, आत्तिनुपर्ने अवस्था छैन । बजारमा नियन्त्रण नहुँदा मात्र केही समस्या देखिएको हो ! ?

यो अवस्था नै सकारात्मक हो भने नकारात्मक अवस्था अझ कस्तो हुने हो ? सरकारले जनताको क्रन्दन सुनेको छैन, व्यापारी-व्यवसायीहरुको निरीहता देखेको छैन । मजदूर, किसानहरुको खस्कदो क्रयशक्तिलाई

बाँकी पृष्ठ ७

## स्पेस फोके टिभिलाई स्पष्टिकरण




काठमाडौं । प्रेस काउन्सिल नेपालले स्पेस फोके टिभिका पत्रकारलाई सोमबार पत्रकार आचारसंहिता विपरित प्रस्तुत भएको भन्दै सोधपुछ गरेको छ ।

स्पेस फोके टिभिका पत्रकार कपिल शाहीले रेल विभागको कार्यालयमा रिपोर्टिंग गर्ने क्रममा त्यहाँका कर्मचारीलाई थर्काउने र अशिष्ट व्यवहार गरेका थिए । उक्त भिडियो सामाजिक सञ्जालमा भाइरल बनेसँगै काउन्सिलले सोधपुछ गरेको हो । रेल विभागका कर्मचारीमाथि जबर्जस्ती गरिएको उक्त भिडियोले पत्रकारिताको बेइज्जत भएको भन्दै कारवाही हुनुपर्ने आवाजसमेत जनस्तर तथा पत्रकारिता जगतमा उठेको थियो । काउन्सिलले उक्त विवादास्पद कार्यक्रम सार्वजनिक गरेलगत्तै शाहीलाई कार्यालयमा बोलाएको भएपनि उनी

बाँकी पृष्ठ ७


NIMB गज्जब ६ मुद्दती खाता

भविष्यका आर्थिक आवश्यकता पूरा गर्न
NIMB को योजना
गज्जब ६

*शर्तहरू लागु हुनेछन् ।






थप जानकारीका लागि NIMB को नजिकैको शाखामा सम्पर्क गर्नुहोस् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
समृद्धिको पथमा सँगै अघि बढ्दै
NEPAL INVESTMENT MEGA BANK LIMITED
www.nimb.com.np | Durbar Marg, Kathmandu | Phone: 01-4242530, 01-4228229 | info@nimb.com.np

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि.को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु:

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु:

१. खाना पकाउने स्थानमा एल.पि. ग्याँसको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।
२. झ्याल ढोक खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरु जस्तैः ग्याँस चुल्हो, सलाई लाईटर, धुप आदी नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाई बाहिर खुल्ला स्थानमा राखौं र यथाशीघ्र नजिकको ग्याँस बिक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
टेकु, काठमाडौं, नेपाल
फोन नं: ०१-५३६४९७५, ५३६४९७४

## अर्थ सवाल साप्ताहिकका लागि:

सल्लाहकार सम्पादक : यादव देवकोटा
Advisor Editor : Yadab Devkota
सम्पादक/प्रकाशक : रमेश कुमार बोहोरा (९८५१०८४३५२)
Editor/Publisher : Ramesh Kumar Bohora
कार्यकारी सम्पादक : अशोक शिवाकोटी (९८४१८००६३३)
Executive Editor : Ashok Shiwakoti
सह-सम्पादक : योगेन्द्र चौलागाई (९८४१२६३३०२)
Sub-Editor : Yogendra Chaulagain
व्यवस्थापक : राजेन्द्र थापामगर
Manager : Rajendra Thapa Magar
कानूनी सल्लाहकार : अधिवक्ता विष्णु गिरी (९८५१०२५२३१)
संवाददाता : अंकध्वज मोते, पवित्रा बजगाई, निता कुइँकेल
प्रेस : सप्तर्षि पब्लिकेशन प्रा.लि., चावहिल

कार्यालय :
काठमाडौ. महानगरपालिका वडा नं. २९ अनामनगर, काठमाडौं
E-mail : arthasawalweekly@gmail.com


## सम्पादकीय

# मानवतामाथि खेलवाड नहोस्

नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हो । २०७२ वैशा १२ गते भएको ७.८ रेक्टर स्केलको विनाशकारी भूकम्पपछि लगातार ठुला भूकम्पहरू गैरहेका छन् । केही वर्षअघिसम्म ०७२ सालको भूकम्पकै पराकम्पन रहेको विज्ञहरूले बताइरहँदा एक वर्षयता पश्चिम नेपाललाई केन्द्रबिन्दु बनाएर नयाँ भूकम्पहरू गएका छन् । पछिल्लो समय यही कार्तिक १७ गते मध्यरातमा जाजरकोटको बारकोट-१ रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको ६.४ रेक्टरको भूकम्पले जाजरकोट र रूकुम पश्चिममा ठुलो जनधनको क्षति भयो । ती दुई जिल्लाको छिमेकी जिल्लामा पनि घरहरू क्षति हुनुका साथै मानिस घाइते भए । भूकम्पपछि मुलुकको राजनीतिक, सामाजिक, व्यावसायिक सबै पीडितहरूका लागि राहत र सहयोग उपलब्ध गराउन सक्रिय रहेका छन् । सरकारले उद्धारमा द्रुत पहल गर्दा मानवीय क्षति अरू बढ्न पाएन ।

देश गम्भीर प्राकृतिक विपत्तिमा परेको बेला केही विधर्मी र मानवताबिरोधीहरूले कमाउने धन्दा पनि चलाउने आशंका बढेको छ । पीडितलाई सहयोग गर्ने भन्दै आर्थिक सहायता उठाउने र पीडितलाई केही दिएर बाँकी आफैं कुम्ल्याउने विगतको अनुभवलाई ध्यानमा राखेर सरकारले एकद्वार प्रणालीबाट राहत दिने योजना बनायो । यो सकारात्मक भए पनि एकद्वारमा जाँदा लामो समयसम्म पीडितले राहत पाएनन् । हजारौं जनता खुला आकाशमुनी भोकभोकै बस्नुपरेको दुर्दान्त खबर सार्वजनिक भएका छन् । यसलाई सुधार गर्नैपर्छ । कोही कसैले सहयोग गर्न चाहन्छ भने संकलित राहतको विवरणसहित प्रशासनको रोहबरमा वितरण गर्ने व्यवस्था गर्नु सान्दर्भिक पक्ष छ । अनियमतिता रोक्ने नाममा पीडित अरू पीडित हुन अवस्था आउनु हुँदैन । तर, संचार माध्यमहरूमा तर, पीडितहरूलाई दलीय आबद्धताका आधारमा राहत बाँडेको आरोप लागिसकेको छ । यस्तो अवस्थाको अन्त्य हुनुपर्छ, राजनीतिक शक्ति बढाउने नाममा मानवतामाथि खेलवाड नहोस् ।

अर्को महत्वपूर्ण कुरा भनेको भूकम्पीय जोखिम न्यूनीकरणका प्रभावकारी उपाय अपनाउनु हो । नेपाल कुनै पनि बेला ठुलो भूकम्प जानसक्ने मुलुका रहेको र पश्चिम नेपाल त उच्च जोखिममा रहेको विज्ञहरूले बताइरहेका बेला जाजरकोट भूकम्पले सचेत रहने संकेत मात्र दिएको हो । पश्चिम नेपालमा ५ सय वर्षयता ठुलो भूकम्प नगएको र त्यहाँको भूगर्भमा ठुलो खलबली आइरहेको हुँदा ८ रेक्टर स्केलसम्मको भूकम्प हुने चेतावनी आइरहेको छ । यदि अहिलेकै जस्तो संरचना रहने हो भने त्यस्तो अवस्था आएमा के होला ? आँकलन नै गर्न नकिने परिस्थिति आउनसक्छ । यसर्थ अहिलेदेखि नै भूकम्पीय जोखिम न्यूनीकरणका उपायमा लाग्नुपर्दछ ।

भूकम्प वा अन्य प्राकृतिक प्रकोपका कारण अनेक समस्या भोग्दै र त्यसको सामना गर्दै जानुपर्ने बाध्यतालाई कसरी न्यूनीकरण गर्दै जान सकिन्छ भन्नेबारे नीति-निर्माणको तहदेखि नै ध्यान केन्द्रित गर्नु अपरिहार्य भैसकेको छ । घटना घटिसकेपछि राहत र उद्धारमा मात्र तदारूकता देखाउने होइन कि क्षति न्यूनीकरणका लागि नै युद्धस्तरमा काम गर्नुपर्ने र सुरक्षा तथा उद्धार टोली सदा तम्तयारी अवस्थामा राख्नुपर्ने आवश्यकता बोध जाजरकोट भूकम्पले दिइसकेको छ । २०७२ वैशाख १२ को भूकम्पले केही पाठ सिकेको भए पनि समयक्रममा त्यसलाई बिर्सदै जाने राज्य संयन्त्रको प्रवृत्तिले प्राकृतिक विपत्तिका बेला सधैं उद्धारमा सकस हुने गरेको छ । प्राकृतिक प्रकोप र विपत्तिको सामना गर्ने राज्यको क्षमताको विकासले नै नागरिक सुरक्षाको प्रत्याभूति हुन्छ । जीवन बाँचे गरिखाने क्षमता आम नागरिकले राख्न सक्छन् ।

# बढ्दो राजनीतिक संकट र १६औं योजनाको अन्योलता



डा. केशव देवकोटा

नेपालमा पछिल्लो समयमा राजनीतिक संकट बढिरहेको छ भने आर्थिक अन्योलताहरु पनि त्यतिकै रहेका छन् । जबसम्म राजनीतिक समस्याको समाधान हुँदैन तबसम्म आर्थिक र सामाजिकलगायतका समस्याहरुको पनि समाधान हुन सक्दैन । नेपालमा मुख्य त ०६३ को राजनीतिक परिवर्तनपछि यस्तै अन्योलताहरु रहेका छन् । आर्थिक अन्योलताको अन्त्य गर्नका लागि प्रधानमन्त्री पुष्पकमल दाहालले गतसाता गोलमेचको तयारी गरिएको बताउनु भएको थियो । उहाँले त्यसक्रममा संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्ध षड्यन्त्र भइरहेको पनि बताउनु भयो । तर सो षडयन्त्रको अन्त्यगर्नका लागि राजनीतिक गोलमेच सम्मेलनगर्ने बताउनु भएन । उहाँले आर्थिक अन्योलता हटाउने गोलमेच सम्मेलनमा नेपाल सरकारका सबै मन्त्रीहरु, सचिवहरु, निजी क्षेत्रका प्रतिनिधिहरु र आर्थिक क्षेत्रका विज्ञहरु सहभागी गराउने बताउनु भएको थियो । सरकार मातहतका निकाय र कर्मचारीहरुको जहिले पनि बैठक बसिरहेको हुन्छ ।

त्यसलाई गोलमेच सम्मेलनको अर्थमा लिइनुलाई स्वाभाबिक मानिँदैन । यदि लिइयोभने त्यो शब्दको दुरुपयोग मात्र हुन्छ । प्रधानमन्त्री दाहालले १२ बुँदे समझदारी, शान्ति सम्झौता र संविधान निर्माणका पक्षधर शक्ति एकठाउँ उभिएर बिद्यमान राजनीतिमा देखिएका समस्यालाई परास्त गर्ने दाबि पनि गर्नुभएको छ । तर प्रम दाहालको भनाईमा कुनै यथार्थता छैन । किनकी ०६२ मा दिल्लीमा तत्कालीन नेकपा (माओवादी) र सात दलका बिचमा भएको १२ बुँदे सहमति खासमा नेपाल र नेपालीका लागि धोखाघडी मात्र थियो । जसमार्फत त्यतिबेला जनयुद्धको बिसर्जन गरियो भने नेपालमा विदेशी हस्तक्षेप काफि मात्रामा बढ्न पुग्यो । उक्त सहमति धोखा भएको ठहर गर्दै माओवादीहरुकै बिचमा बिभाजन भएको छभने सात दलका घटकहरु पनि बिभाजित छन् । त्यसैगरी ०६३ मा भएको शान्ति संझौता पनि १७ बर्षसम्म टुंगोमा पुग्न नसकेका कारण कतिपय समूहहरुले त्यसलाई अमान्य घोषित गरेका छन् ।

०७२ मा घोषणा गरिएको संविधानलाई क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले नेपालको हालको राजनीतिक अस्थिरता र सबैखाले समस्याहरुको मुख्य जड भएको घोषणा गरेको छ । ०७२ को संविधानका उपलब्धी भनिएका संघीयता, जातीय समाबेशी र समानुपातिक निर्वाचन प्रणालीका बारेमा बर्तमान सत्ता गठबन्धनबाटै बिरोध शुरु भएको छ । उक्त कुराहरु नेपाललाई आर्थिक, सामाजिक र राजनीतिक रुपमा अस्तब्यस्त बनाएर बिघटनमा पुऱ्याउन ल्याइएको धेरैले ठहर गरेका छन् । नभन्दै ०६३ पछि नेपालको सत्ता र शक्तिमा आएकाहरुले नेपालमा राजनीतिक बिवाद बढाउने, देशलाई आर्थिकरुपमा संकटमा पुऱ्याउने र बिभिन्न जातीय एबं क्षेत्रीय बिवादहरुको सिर्जना गराउने काम गरिरहेका छन् । चीन र भारतजस्ता सम्पन्न र ठुला मुलुकको बिचमा रहेको नेपाललाई छिमेकीहरुबाट अलग गराउँदै अमेरिकालगायतका पश्चिमा राष्ट्रहरुको कब्जामा पुऱ्याउने प्रयासहरु पनि भैरहेका छन् । गतसाता मात्र नेपालका परराष्ट्रमन्त्रीले अमेरिकाको वाशिंटन डिसीमा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग जेजस्ता सहमति र संझौताहरु गर्नुभयो त्यसले नेपालको सत्ता राजनीति कता जान लागेको हो भन्ने संकेत गरेको छ ।

त्यसैगरी सत्ता र शक्तिमा रहेकाहरुले पछिल्लो समयमा नेपालमा अमेरिकी र बेलायती सहयोग मात्र भित्र्याउने प्रयास गरिरहेको देखिएको छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले गतसात गरेको बेलायतको भ्रमण उपरोक्त कुराको ताजा उदाहारण बनेको छ । लन्डनस्थित नेपाली दूतावासले आयोजना गरेको उच्चस्तरीय लगानी सम्मेलनमा जेजस्तो सहभागिता भयो र अर्थमन्त्री डा. महतले जेजस्ता अभिब्यक्ति दिनुभयो, त्यसले पनि नेपाललाई पश्चिमाहरुको कब्जामा पार्न खोजिएको स्पष्ट भएको छ । नेपालमा छिमेकी चीन र दशकौंदेखि सहयोग गर्दैआएको रुसको सहयोगलाई निरुत्साहित गर्दै लगिएको छ । त्यसैले नेपालको बढ्दो आर्थिक संकट र अस्तब्यस्तताको सहजै समाधान हुननसक्ने देखिएको छ ।

नेपालमा बर्तमान सरकारको नीति तथा कार्यक्रम र बजेटका बिचमा पनि सामन्जस्यता देखिएको छैन । सरकारको नीति तथा कार्यक्रम र बजेट सबैलाई इन्डोपश्चिमा शक्तिको नेपाल नीतिअनुसार बनाउन खोजिएका कारणले अन्योलताहरु बढेका हुन् । यसैक्रममा राष्ट्रिय योजना आयोगले १६ औं योजना छनोटका लागि प्रदेशगतरुपमा छलफल शुरुगरेको समाचार बाहिर आएको छ । सातैवटा प्रदेशका योजना छनोटका लागि आयोगले छुट्टाछुट्टै टोली बनाएर सम्बन्धित प्रदेशमा छलफल शुरु गरेको भनिएको छ । खासमा उक्त छलफल आफैमा औचित्यहीन छ । किनकी एकातिर देशमा राजनीतिक अन्योलताको अन्त्य हुनसकेको छैन । राजनीतिक अन्योलताको अन्त्य बिना आर्थिक योजनाहरु बन्न सक्तैनन् । दोश्रो सबै प्रदेशमा केन्द्रकाजस्तै योजना आयोगहरुलगायतका निकायहरु रहेका छन् । त्यस्तो अवस्थामा केन्द्रको योजना आयोगले प्रदेशस्तरमा गएर छलफल चलाउनुको कुनै अर्थ छैन । देशमा संघीय शासन भनिएपनि न त प्रदेशहरुलाई आवश्यक अधिकार दिइएको छ, न स्थानीय, प्रदेश र केन्द्र सरकारका बिचमा समन्वय रहेको छ । हालै बागमति प्रदेशले केन्द्र सरकारबिरुद्ध अदालतमा दायर गरेको मुद्धाले उपरोक्त कुराको पुष्टिगरेको छ । सामान्य छलफल र पत्राचारबाट समाधान गर्न सकिने समस्यालाई प्रदेशहरुले केन्द्रबिरुद्ध मुद्धा दायर गर्नेगरेका छन् ।

जसको अर्थ प्रदेशहरु केन्द्र सरकारलाई आफ्नो सहयोगी नभएर प्रतिश्पर्धी अथवा आफूलाई छुट्टै देश भएको ठान्दछन् । जसले केन्द्रको ऐन कानुन र देशको संविधानसँग बाझिनेगरी ऐन कानून र नीति नियमसमेत बनाएका छन् । तर केन्द्र सरकारले त्यसलाई सन्तुलन गर्न सकेकोछैन अथवा चाहेको छैन । नेपालजस्तो एक लाख ४७ हजार ६४१.२८ वर्ग किलोमिटर कूल क्षेत्रफल र दुई करोड ९१ लाख ९२ हजार ४८० (राष्ट्रिय जनगणना-२०७८ को तथ्यांकअनुसार) जनसंख्या रहेको मुलुकमा ८८६ सांसद, झण्डै २०० मन्त्रि र सोही अनुसारका अन्य पदाधिकारीहरुको ब्यवस्था गरेर कूल बजेटको ६० प्रतिशतभन्दा बढी रकम बिभिन्न पार्टीका नेता तथा कार्यकर्तालाई बाँड्ने काम भएको छ ।

करिव १७ खर्बको बार्षिक बजेट भएको मुलुकमा झण्डै २३ खर्ब ऋृण पुगेको छ । ब्यापार घाटा र बेरुजुको कुरा अर्कै छ । अझै सरकारमा रहेकाहरु स्वदेशी र विदेशी ऋृण जुटाउन दिलो ज्यानले लागेका छन् । चालु आबको तीन महिनामा देशका अर्थमन्त्री ऋृण र सहयोग जुटाउन भन्दै छपटक विदेश भ्रमणमा पुग्नुभएको छभने करिव छ पटक राष्ट्रबैंकमार्फत राष्ट्र ऋृण अशुलगर्ने काम भएको छ । निर्माण ब्यवसायीहरुले भुक्तानी नपाएर कतिपय स्थानमा काम रोकेका छन् । केन्द्र सरकारका लागि प्रदेश र स्थानीय सरकारको दायित्व त्यतिकै छ । सरकारमा रहेकाहरु राष्ट्रिय ढुकुटीबाट मुठि फुकाएर खर्च गरिरहेका छन् । तर देशको आर्थिक उन्नति र बचतका लागि कुनै काम हुनसकिरहेको छैन । बर्तमान सरकार सत्तामा आएको करिव १० महिनाको अवधीमा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र सरकारी कर्मचारीहरुको विदेश भ्रमणको सूची पढनमात्र पनि घण्टौं लाग्नेवाला छ ।

१० महिनाको शासनावधीमा प्रधानमन्त्री दाहालमात्र एक महिना विदेशमा रहेको तथ्यांक छ । यस्तो अवस्थामा १६ औ योजना कसरी बन्ला ? त्यो अन्योलको बिषय रहेको छ । पहिलो त नेपालमा तथ्यांक मिथ्यांकमा परिणत हुनथालेका छन् । नीतिगत परिवर्तनहरु त्यतिकै छन् । त्यसैले यस्तो अन्योलको अवस्थामा फेरि १६ औं योजना सार्बजनिक गरेर थप अन्योलता बढाउनु राम्रो हुँदैन । अब सबै क्षेत्रले देशमा राजनीतिक अन्योलताको अन्त्यको माग गर्नुपर्ने अवस्था छ । अलपत्र रहेका योजनाहरुलाई केगर्ने त्यसको निर्क्यौल गर्नुपर्ने छ । अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालको समृद्धि र आर्थिक रुपान्तरणका लागि ठुलो वित्तीय श्रोतको आवश्यकता रहेको र त्यसका लागि आन्तरिक श्रोत पर्याप्त नहुने बताउने गर्नु भएको छ ।

१६ औं पञ्चवर्षीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६)को अवधारणापत्र गत साउनमै स्वीकृत भएको थियो । आयोगले नयाँ आवधिक योजनाको दस्तावेज तयार पारेर स्वीकृत गरिसक्नका लागि आगामी माघ मसान्तसम्मको कार्यतालिका बनाएको समाचार बाहिर आएको थियो । आयोगले तयार पारेको १६ औं योजना तर्जुमाका लागि संस्थागत व्यवस्थासम्बन्धी कार्यविधि-२०८० अनुसार पञ्चवर्षीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमाका लागि गत जेठको चौथो हप्ताबाट काम शुरुभएको भनिएको थियो । १६ औं आवधिक योजनामा महत्वाक्यांक्षी योजना नराख्न अर्थविद तथा विज्ञहरुले सुझाव दिइसकेका छन् । त्यसैले सर्बप्रथम देशका राजनीतिक ब्यवस्थाको स्पष्टता हुनुपऱ्यो । त्यसपछि आर्थिक नीतिहरु तोकिनु पऱ्यो । पुराना योजना र बाँकी बक्यौताहरुको फरफारक हुनुपऱ्यो । त्यसपछिमात्र चुस्त खालको आवधिक योजनाको तर्जुमा र प्रभावकारी कार्यान्वयन हुनसक्छ । सत्ता र शक्तिमा रहेकाहरुको यसतर्फ समयमा नै ध्यान जाओस ।

# श्रम शोषण र प्रेस स्वतन्त्रता



विष्णु गिरी 'निश्चल'

**दैनिक जीवन निर्वाह गर्न नसकिने पारिश्रमिकले पत्रकारलाई अस्थिर बनाउँछ । सरकारी सञ्चार माध्यममा कार्यरत पत्रकारले पाएको सेवासुविधालाई आधार मानेर सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारको तलब र अन्य सेवा सुविधा निर्धारण गर्नु पर्छ । ठूला भनिएका सञ्चार माध्यममा कार्यरत दर्जनौं श्रमजीवी पत्रकारले न्यूनतम तलब सहितको नियुक्तिपत्र समेत पाएका छैनन ।**

पत्रकार भनेको त्यस्तो व्यक्ति हो जसले लेख रचना, अडियो वा भिडियो र तस्विरको रूपमा सूचना सङ्कलन गरी समाचारयोग्य रूपमा प्रशोधन गरेर त्यसलाई जनतामाझ पुऱ्याउँछ । पत्रकारले मुख्यतया गर्ने कार्य वा प्रक्रियालाई पत्रकारिता भनिन्छ ।

पछिल्लो समय पत्रकारको श्रम शोषण र प्रेस स्वतन्त्रताको बिषयलाई सँगै जोडेर हेर्न थालिएको छ । किनकी बिभिन्न प्रलोभन तथा बहानमा पत्रकारको श्रम शोषण गर्ने र प्रेस स्वतन्त्रतालाई कमजोर बनाउने प्रयास भएको छ । ठूला सञ्चार माध्यमले पत्रकारको श्रम शोषण गर्ने र राजनीतिक दलहरुले प्रेस स्वतन्त्रताको नाममा धावा बोल्ने काम भएको छ । पाटी पिच्चे पत्रकारको संगठन र नेता पिच्चे पत्रिका र अनलाईन सञ्चालन यसको पछिल्लो उदाहरण हुन् ।

कान्तिपुरबाट पत्रकारलाई निष्कासन तथा सरुवा गरेको विरोधमा अहिले देशैभरका पत्रकारहरु आन्दोलनमा छन् । नेपाल पत्रकार महासंघले घोषणा गरेको दोस्रो चरणको आन्दोलनका क्रममा महासंघको उपत्यका प्रदेश समितिको नेतृत्वमा मङ्गलबार कान्तिपुर मिडियाको कार्यालय अगाडि दुई घण्टे धर्ना कार्यक्रम गरिएको छ । महासंघका अध्यक्ष बिपुल पोखरेल महासचिब रोसन पुरी लगायतको सहभागिता रहेको धर्ना कार्यक्रम १०० भन्दा बढी पत्रकारको उपस्थती रहेको थियो ।

यहि कात्तिक १८ गतेदेखि सुरु हुने दोस्रो चरणको आन्दोलनका कार्यक्रम मंसिर १० सम्म चल्नेछन् । घोषित आन्दोलनका कार्यक्रम अनुसार हरेक दिन सेन्ट्रल बिजनेस पार्क थापाथलीस्थित कान्तिपुर मिडिया परिसरमा साढे २ बजेदेखि साढे ४ बजेसम्म पत्रकारले दुई घण्टा धर्ना दिनेछन् । कात्तिक २३ गते माइतिघर मण्डलादेखि कान्तिपुर पब्लिकेसन्ससम्मा सम्पादकको खोजी हुनेछ । मंसिर १० गतेसम्म धर्नासहित अन्य सिर्जनात्मक कार्यक्रमहरू गरिनेछ । मिडियाका श्रम समस्या समाधानका लागि विभिन्न संघसंगठनहरूसँग छलफल, राष्ट्रियरअन्तर्राष्ट्रिय निकायमा पत्राचार, प्रतिनिधि सभाका सभामुख तथा राष्ट्रियसभाका अध्यक्षको ध्यानाकर्षण, संसदीय समितिमा ध्यानाकर्षण, अन्तर्राष्ट्रिय संस्थाहरूसँग पत्राचार तथा भेटघाट लगायतका कार्यक्रम गरिनेछ । श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि सहयोग गर्न व्यंग्यात्मक रुपमा कात्तिक २५ गते कान्तिपुरको बैंक खातामा १ रुपैयाँ जम्मा गरिनेछ ।

समस्यामा परेका पत्रकार एवं श्रमजीवीसँग वार्ता,संघर्ष र कानुनी लडाई सँगसँगै लैजाने गरी दवावमूलक कार्यक्रम गरिरहेको छ । कानुनविपरीत भएका सरुवा बदर, निष्कासन गरिएका पत्रकारहरूको पुनर्बहाली र पारिश्रमिक नियमित भुक्तानीलाई वार्ताको पहिलो शर्त बनाउने र जुनसुकै विषयमा निर्णय लिँदा सम्बन्धित सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकार ऐनका प्रावधानहरूको अक्षरशः पालना गरिनुपर्छ । पत्रकारलाई स्पष्टीकरणका नाममा मानसिक यातना र हतोत्साही गर्ने काम तत्काल बन्द गरिनुपर्ने लगायतका मागहरु राखिएर आन्दोलन गरिएको छ ।

पत्रकारले पाउने न्यूनतम तलब वा सेवा सुविधासँग हामीले उपयोग गर्ने सूचना, समाचार वा समाचारमूलक सामग्रीको गुणस्तर जोडिएको हुन्छ । दैनिक जीवन निर्वाह गर्न नसकिने तलबले पत्रकारलाई अस्थिर बनाउँछ । पत्रकार आफ्नो पेशामा दत्तचित्त रहेन भने बौद्धिक चोरी बढ्ने, मिथ्या समाचार प्रसारण हुने, सूचनाको सत्यापन नहुने जोखिम रहन्छ बढने कुरामा पनि हामी सचेत हुनु पर्छ ।श्रमजीवी पत्रकार ऐन लागू गरेर, उचित पारिश्रमिक सेवासुविधा दिएर पत्रकारलाई पूर्णकालीन रूपमा संलग्न गराउन सक्नुपर्छ । सरकारी सञ्चार माध्यममा कार्यरत पत्रकार तथा सञ्चारकर्मीले पाएको सेवासुविधालाई आधार मानेर सञ्चार प्रतिष्ठानमा कार्यरत श्रमजीवी पत्रकारको तलब र अन्य सेवा सुविधा निर्धारण गरिनुपर्छ । ठूला भनिएका सञ्चार माध्यममा कार्यरत दर्जनौं श्रमजीवी पत्रकार तथा कर्मचारीलाई न्यूनतम तलब सहितको नियुक्तिपत्र समेत पाएका छैनन ।

समग्रमा भन्नु पर्दा राज्यको चौथो अङ्गको रुपमा रहेको पत्रकारीता क्षेत्रलाई ब्यबस्थीत मयादित बनाउन र पत्रकार माथी भएको श्रम शोषण र प्रेस स्वतन्त्राको पक्षमा सबै सरोकारवाला पक्ष लिम्मेबार बन्नु पर्छ ।

*(लेखक अधिवक्ता हुन)*

# पीडितका नाममा राहत रकम वितरण गर्ने होड, पीडित भने जस्ताको त्यस्तै



गोविन्द अधिकारी

जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितहरुलाई संघ संस्थाहरुले राहत वितरण गरिरहेकै छन् । तर अव्यवस्थित तरिकाले वितरण भएकैले हुनसक्छ पीडितहरुले भने राहतका नाममा आहात पो भोगिरहेका रहेछन् । राहत प्रदान गर्ने संघ संस्थाहरुले राहत सामाग्री स्थानीय प्रशासनलाई जिम्मा लगाएका छन् र सरकारले पनि एकद्वार प्रणालीबाट वितरण गर्ने नीति लिएकै रहेछ । तर पनि पीडितहरुले राहत नपाएर आहत भोग्नु पर्‍यो भनिरहेका छन । यसको मतलब व्यवस्थित वितरण भएन भने राहत सामाग्रीको थुप्रो लागेपनि सम्बन्धित पीडितले समयमा नपाउँने रहेछन भन्ने बुझ्नु पर्ने रहेछ । राहत समयमा नपाएर ढिलो पाउँनु भनेको आज मर्‍यो भोलि औषधी जस्तो पो बन्ने भयो । राहत दिनेहरुको भिड लागेपनि भूकम्पपीडितहरु भने खुल्ला आकाशमुनि भोको र नांगो अवस्थामा नै बसेका रहेछन ।

२०७२ सालको महाभूकम्पमा पीडितहरुका लागि संकलित राहतमा समेत भ्रष्टाचार भयो भन्ने चर्चा चलेको थियो । अरुको त के कुरा डा. रामशरण महतले समेत भूकम्प पीडितलाई दिनुपर्ने पाल र जस्ता पाता हिनामिना गरे भन्ने चर्चा चलेको थियो । त्यस्तै सामान्य अवस्थामा समेत हुम्ला र डोल्पा जस्ता जिल्लाका ग्रामीण जनताका लागि पठाइएको चामलसमेत हिनामिना भयो भन्ने चर्चा सुनिएकै हो । यस्तो बिचल्लीको अवस्थामा जाजरकोट र रुकुम पश्चिमका भूकम्प पीडितहरुले आफ्ना लागि दाताले दिएको रकम कसले कति दियो भन्ने हिसाबकिताब राख्न सक्ने कुरै भएन । पाउँनेले समयमा नपाएपछि थुप्रिएको राहतको खासै औचित्य भएन भन्नै पर्ने हुन्छ ।

पाल, कम्बल र औषधि उपचारका सामाग्री भारत सरकारले भूकम्पपीडितका लागि भनेर नेपालगञ्जमा हवाइजहाजबाट पुर्‍याइदिइसकेको छ । चीनले पनि राहत सामग्री पठाउँदै छ । तर विडम्बना प्राप्त राहतसमेत समयमा उचित वितरण नहुँदा पीडितहरु आहतमा नै छन भने भारत र चीनबाट प्राप्त हुने राहत पनि त समयमा पीडितहरुलाई प्राप्त नहुन सक्छ । संघ संस्थाले स्थानीय सरकारका मुख्यमन्त्रीलाई जिम्मा लगाएको हुनाले आवश्यक राहत सामाग्री समयमा उपलब्ध नहुन सक्छ ।

२०७२ सालका कतिपय भूकम्पपीडितहरु २/३ वर्षसम्म पालमुनि नै जीवन गुजार्न बाध्य भएका थिए भने कतिपयले पुनर्निर्माणका लागि सरकारले दिएको रकम आज सम्म पनि पाउँन सकेका छैनन भन्ने गुनासो छँदैछ । यस्तै अवस्था हो भने त जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडित जनताको पनि त्यस्तै अवस्था नहोला भन्न सकिँदैन । दाताले दिएपनि पाउँनेले पाउँन ढिलाहुने वा पाउँदै नपाउँने अवस्था हुने हो भने उपलब्ध सामाग्रीको दुरुपयोग नहुने संभावना पनि नरहन पनि सक्छ । त्यसमाथि राजनीतिमा तेरो र मेरो पार्टीको भने जस्तै भूकम्पपीडितहरु पनि तेरो र मेरो भन्ने विभेदजन्य व्यवहारका शिकार भए भने त त्योभन्दा नराम्रो अवस्था के होला र ?

२०७२ सालको भूकम्पको समयमा नेतहरुले नै राहतका सामान वितरणमा तेरो र मेरो भन्ने नीति अवलम्वन गरेका थिए । नेताहरुले हिनामिना गरे भनिएको राहत सामाग्री मेराहरुलाई दिनकै लागि थियो । नेताहरुले मात्र नभएर प्रशासनिक कर्मचारीहरुले समेत राहत सामाग्रीको दुरुपयोग गरेकै थिए । कसैले रहत वापत दोब्बर तेब्बर सामान बटुलेको र कसैले पाउँदै नपाएको अवस्था पनि त्यतिबेला आएकै हो । यो पटक जाजरकोट र रुकुम पश्चिममा पनि त्यस्तो अवस्था नआउला भन्न सकिन्न । कमिकमजोरी नभई पक्कै गुनासो नआएको हुनुपर्छ ।

त्यहि २०७२ सालको भूकम्पको समयमा नुवाकोट र काठमाडौंमा समेत घर भएका नुवाकोटेहरुले समेत राहत र सहयोग दावी गरे र खास पीडितहरु राहत पाउनबाट वञ्चित भए भनेर त नेताहरुले नै सिकायत गरेका थिए । त्यस्तै व्यवहार जाजरकोट र रुकुम पश्चिममा पनि नहोला भन्न सकिन्न । संकटको घडीमा समेत ठगी गर्न पछि नपर्ने दानवीय स्वभाव भएका नेपालीहरु पनि रहेछन् र छन ।

हुन त नेपाल पीडित नै पीडितहरुको देश हो र पीडितका लागि सहयोग पनि बेलाबेलामा वितरण भईरहेको छ । २०४३ सालपछि राजनीतिक पीडितका नाममा राष्ट्रिय ढुकुटीबाट खुब रकम बाँडियो । कति राजनीतिक पीडित थिए र कतिले राजनीतिक पीडितका नाममा फाइदा लिए भन्ने समेत लेखा जोखा नै भएन । मरिसकेका व्यक्तिको नाममा समेत हस्ताक्षर गरेर रकम खर्चिने काम भए पनि भनिए । मौकामा चौका हान्न पछि नपर्ने नेपालीहरु पनि छँदैछन् । तर दुर्भाग्य जतिसुकै बेईमानी गरेपनि नेपालीहरु उक्सिन भने सकेका छैनन् । टाठाबाठा १/२ प्रतिशतले अनियमित तरिकाले अकुत सम्पत्तिसमेत कमाए । तर नैतिक र नियमित व्यवहार भएका भने तन्नमका तन्नम नै छन ।

त्यस्तै द्वन्द्व पीडितका नाममा समेत रकम वितरण गर्ने कार्य पनि भयो । आजसम्म पनि द्वन्द्व पीडितका नाममा रकम वितरण गर्ने दुस्प्रयास भईरहेकै छ । पछिल्लो आमनिर्वाचन पछि पनि द्वन्द्व पीडितलाई २/२ लाखका दरले रकम वितरण गर्न करोडौं छुट्याइएकै हो । त्यस्तै वाढी, पहिरो र डुवान पीडितलाई सहयोग वितरण गर्ने पनि भनिएकै छ । कोरोना पीडितलाई व्यवस्था गरिएको बीमा रकम पाउँन सकेनन् भन्ने गुनासो पनि सुनिएकै हो । नाम तेरो काम मेरो भएपछि गुनासो आउँनु स्वभाविकै हो । द्रव्यपिचास मानसिकताको परिणाम यस्तै हुन्छ । एकातिर भ्रष्टाचारको साम्राज्य खडागरेर विदेशी बैंकमा रकम थुपारे भन्ने चर्चा पनि चलिरहेकै छ । त्यस्तै ललिता निवास जग्गा हिनामिना र नक्कली भूटानी शरणार्थीका नाममा मानव तस्करी गरेर अर्बौं हिनामिना भयो र सुन तस्करी टनका टन भए पनि भनिदैछ । तर दुर्भाग्य हिजो चप्पल लगाएर सिंहदरबार पस्नेहरु विलासी जीवन बिताउन सफल भएपनि मुलुकको राष्ट्रिय ढुकुटी भने रित्तै रहेछ ।








नार्पा भूमि गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
मनाङ, गण्डकी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पर्वत, गण्डकी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
म्याग्दी, गण्डकी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

## नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको नाफामा छलाङ्ग

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
समृद्धिको पथमा सँगै अघि बढ्दै

काठमाडौं । नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले चालु आर्थिक वर्षको पहिलो त्रैमाससम्मको नाफामा चमक देखाएको छ । कुशल व्यवस्थापन भएको यस बैंकले चालु आर्थिक वर्षको पहिलो त्रैमाससम्म १ अर्ब ५२ करोड २२ लाख रुपैयाँ खुद नाफा आर्जन गर्न सफल भएको छ । बैंकले गत वर्ष सोही अवधिमा १ अर्ब १४ करोड ५ लाख रुपैयाँ नाफा कमाएको थियो । यो गत वर्षको यसैअवधिको भन्दा ३३.४७ प्रतिशतले धेरै हो ।

खुद ब्याज आम्दानीमा आएको वृद्धिका कारण यसको नाफा बढेको हो । त्यसका साथै, यस बैंकको सञ्चालन नाफा पनि बढेको छ । समीक्षा अवधिसम्म यस बैंकले ४ अर्ब १६ करोड १० लाख रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ । यो गत वर्षको भन्दा ९५.४० प्रतिशतले धेरै हो । गत वर्ष यसको खुद ब्याज आम्दानी २ अर्ब १२ करोड ९५ लाख रुपैयाँ रहेको थियो । त्यसैगरी, सञ्चालन नाफा ५९.९० प्रतिशतले बढेर २ अर्ब ६० करोड ५४ लाख पुगेको छ । गत वर्ष उक्त नाफा १ अर्ब ६२ करोड ९३ लाख भन्दा धेरै थियो ।

## ज्योति विकास बैंकद्वारा भूकम्प पीडितका आर्थिक सहयोग




काठमाडौं । कर्णाली प्रदेशको जाजरकोट केन्द्रबिन्दु भई मिति २०८० कार्तिक १७ गते शुक्रबार गएको भुकम्पबाट पीडितहरुको उद्धार तथा सहयोगार्थ ज्योति विकास बैंकले जिल्ला प्रशासन कार्यालय जाजरकोट सँगको समन्वयमा पिडितहरुलाई आर्थिक सहयोग गरेको छ । सो अन्तर्गत बैंकले जाजरकोट जिल्ला प्रशासन कार्यालयको भुकम्प प्रभावित राहत कोषमा रु. ५ लाख आर्थिक सहयोग गरेको छ । उक्त रकम ज्योति विकास बैंकका तर्फबाट जाजरकोट शाखाका शाखा प्रबन्धक श्री वीरेन्द्र बहादुर ऐडीद्वारा जाजरकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुरेश सुनार र सहायक प्रमुख जिल्ला अधिकारी श्री हरिश्चन्द्र शर्मालाई हस्तान्तरण गरिएको हो ।

ज्योति विकास बैंकले जाजरकोट स्थित शाखा मार्फत सरल वित्तीय सेवाका साथै संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम मार्फत विभिन्न क्षेत्रमा समन्व्य र सहयोग गर्दै आएको छ । बैंकले आगामी दिनहरुमा पनि जाजरकोटस्थित शाखा कार्यालय मार्फत दिर्घकालिन र दीगो कार्यक्रमहरुलाई निरन्तरता दिने जनाएको छ ।

## प्रभु बैंकले नाफा बढायो




काठमाडौं । प्रभु बैंकको खुद नाफा एक अर्ब माथि पुगेको छ । बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासिक वित्तीय विवरणले यस्तो देखाएको हो । समिक्षा अवधिमा बैंकको खुद नाफा ४६.७० प्रतिशतले बढेर १ अर्ब ३ करोड ४२ लाख रुपैयाँ पुगेको छ । गत वर्षको असोज मसान्तसम्ममा भने बैंकले ७० करोड ५० लाख रुपैयाँ मात्रै खुद नाफा कमाएको थियो ।

बैंकको खुद ब्याज आम्दानी र संचालन नाफा वृद्धि भएकाले नै खुद नाफा बढेको हो । समिक्षा अवधिमा बैंकको खुद ब्याज आम्दानी २९.१५ प्रतिशतले वृद्धि भई २ अर्ब ५४ करोड ८० लाख रुपैयाँ कायम भएको छ । चालु आवको असोज मसान्तसम्ममा बैंकको संचालन नाफा पनि ५१.३२ प्रतिशतले वृद्धि भई १ अर्ब ५४ करोड १५ लाख ६ ५ हजार रुपैयाँ पुगेको छ । समिक्षा अवधिमा बैंकको वितरणयोग्य नाफा भने १६ करोड ३४ लाख रुपैयाँ देखिएको छ ।

## रिलायबल इन्स्योरेन्सको एक करोड मृत्यु दाबी भुक्तानी




